आज मिति २०७७ साल असोज ८ गते बिहिवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | अनुपस्थित |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | अनुपस्थित |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | अनुपस्थित |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | अनुपस्थित |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | अनुपस्थित |
| १५ | सदस्य | श्री शुकमाया राई | अनुपस्थित |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत (छेठौं) | श्री वावुराम के.सी. | |
| २१ | स्वास्थ्य संयोजक | श्री मनोनारायण चौधरी | |
| २२ | शिक्षा अधिकृत | श्री रमेश प्रसाद दाहाल | |

प्रस्तावहरुः

१. शोक प्रस्ताव सम्वन्धमा ।

२. स्वास्थ्य सह-संयोजक तोक्ने सम्वन्धमा ।

३. ग्रामीण अल्ट्रासाउण्ड मेसिन खरिद सम्वन्धमा ।

४. उपभोक्ता समिति गठन सम्वन्धमा।

५. विद्यालय कक्षा संचालन सम्वन्धमा ।

६. विद्यालय लेखा परिक्षण सम्वन्धमा ।

७. औषधि खरिद सम्वन्धमा ।

८. बाह्य खोप क्लिनिक भौतिक व्यवस्थापन सम्वन्धमा ।

९. अनमि सेवा करारमा राख्ने सम्वन्धमा ।

१०. ५ वेडको अस्थायि कोभिड अस्पताल सम्वन्धमा।

११. हैखराङ सामुदायिक स्वास्थ्य इकाइ संचालन सम्वन्धमा ।

१२. करार कर्मचारी व्यवस्थापन कार्यविधि सम्वन्धमा ।

१३. सडक मर्मत संभार रकम भुक्तानी सम्वन्धमा ।

१४. नागरिक आवास कार्यक्रम सम्वन्धमा ।

१५. चालु खर्च व्यवस्थापन सम्वन्धमा ।

निर्णयहरु

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिका गाउँसभा सदस्य श्री वद्रि कुमार खड्का को छोरा को मिति दिपेन्द्र खड्काको वैदेशिक रोजगारमा कतार स्थित रहदाँ २०७७/०३/१४ मा असमायिक निधन भएकोमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोकप्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै भोजपुर जिल्ला छिमेकी पालिका हतुवागढी गाउँपालिका उपाध्यक्ष श्री चन्द्रमा राईको मिति २०७७ असोज ३ मा असमायिक निधन भएकोमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोकप्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिकाको स्वास्थ्य शाखाको सह-संयोजकको थप जिम्मेवारी अहेव श्री अमृता वनेमलाई तोक्ने निर्णय गरियो ।

४. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिका स्वास्थ्य चौकी वालांखाको वर्थिङ सेन्टरका लागि ग्रामीण अल्ट्रासाउण्ड मेसिन -१ खरिदको प्रक्रिया वढाउने निर्णय गरियो ।

५. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै चालु आ.व. मा संचालन गरिने भौतिक निर्माण तर्फका वडा र पालिका स्तरीय योजना कार्यान्वयन गर्न उपभोक्ता समिति दशै अघि गठन गरिसक्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिकाका विद्यालयहरु कोभिड १९ को संक्रमण पश्चात चालु शैक्षिक सत्रमा विद्यालयको कक्षा संचालन गर्न नसकिएकोमा २०७७ असोज ११ वाट सवै सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा संचालन उच्चतम स्वास्थ्य सतर्कता र मापदण्ड अपनाएर विद्यार्थीको संख्यात्मक अवस्थानुसार उपयुक्त कार्ययोजना वनाइ विहान र दिउँसोको सिफ्टमा कक्षा संचालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

७. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै आमचोक गाउँपालिकाका सामुदायिक विद्यालयहरुको आ.व. २०७६/०७७ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकहरुलाई सुचिकृत हुने सम्वन्धमा सार्वजनिक सुचना गर्ने र सुचिकरणको लागि आवेदन शुल्क रु १०००।- तोक्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै स्वास्थ्य सेवाका लागि नेपाल सरकारवाट आधारभुत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सामाग्री खरिद शिर्षकमा वितिय हस्तान्तरित (सशर्त) वजेट रु ११,५०,००००।०० र आमचोक गाउँसभावाट स्वास्थ्य सेवाका लागि विनियोजजित रु ३,००,०००।०० गरी कुल १४,५०,०००।०० को औषधि र स्वास्थ्य सामाग्री खरिदका लागि इ-विडिङ गर्ने निर्णय गरियो ।

९. उपरोक्त प्रस्ताव नं ८ माथि छलफल भै आमचोक गाउँपालिका विभिन्न वडामा रहेका वाह्य खोप क्लिनिकहरु मध्ये आवश्कय फर्निचर लगाएत अन्य जिन्सि सामाग्री नभएका खोप क्लिनिकमा नेपाल सरकार वितिय हस्तान्तरित(शसर्त) वजेटवाट फर्निचर लगाएत जिन्सि सामाग्री खरिद गरि वाह्य खोप क्लिनिकको भौतिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं ९ माथि छलफल भै प्रसुति सेवाको लागि १ अ.न.मी. करारमा राख्न नेपाल सरकारवाट वितिय हस्तान्तरित वजेटवाट सेवा सुविधा उपलव्ध हुने गरि अ.न.मी-१ लाई सेवा करारमा राख्नका लागि प्रकृया वढाउने निर्णय गरियो ।

११. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै नेपाल सरकारवाट ५ वेडको अस्थायि कोभिड अस्पताल निर्माण र संचालन गर्ने सम्वन्धमा प्राप्त भएको पत्रानुसार उक्त अस्थायी अस्पताल संचालनको लागि पत्रानुसार हुने गरि प्रकृया वढाउने निर्णय गरियो ।

१२. उपरोक्त प्रस्ताव नं ११ माथि छलफल भै आमचोक गाउँकार्यपालिकाले मिति २०७५/०७/१८ मा अस्थायि स्वास्थ्य इकाइ स्थापना गर्ने निर्णय गरि आमचोक गाउँपालिका वडा नं ८ स्थित हैखराङ मा संचालन भै रहेकोमा हैखराङ सामुदायिक स्वास्थ्य इकाइको रुपमा नाम परिवर्तन गरि संचालन गर्ने निर्णय गरियो ।

१३. उपरोक्त प्रस्ताव नं १२ माथि छलफल भै "आमचोक गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि २०७७" स्वीकृत गर्ने निर्णय गरियो ।

१४. उपरोक्त प्रस्ताव नं १३ माथि छलफल भै श्रावणको वर्षातका कारण विग्रिएका आमचोक गाउँपालिका तपशिलका सडकहरु मर्मत संभार गर्न आवश्यक भै प्राविधिक लागत अनुमान अनुसार बिजय निर्माण सेवा, ट्याम्के विजय सप्लायर्स ट्याम्केमैयुङ गा.पा.-४ भोजपुर मार्फत मर्मत संभार गरिएकोमा प्राविधिक कार्यसम्पादन मूल्यांकन प्रतिवेदनका आधारमा भएको खर्च रु ३,७२,७९९।४६ आमचोक गाउँपालिकाको मर्मत कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः

आमचोक वडा नं १०- पाङ्चा नागि चखेवा सडक (दुम्माना-लसुने खोला खण्ड)रु ९९३३०।८८

आमचोक वडा नं १०- पाङ्चा नागि चखेवा सडक (लसुने खोला-दारेगौडा खण्ड) रु ५८६५४।७४

आमचोक वडा नं १०- चिउरी भञ्जाङ धारापानी सडक रु ९६२१४।७७

आमचोक वडा नं ०९- दुम्माना जोगेपाथर सडक रु ९८५९९।०७

१५. उपरोक्त प्रस्ताव नं १४ माथि छलफल भै सुरक्षित नागरिक आवास कार्यक्रम निर्माणका लागि वडा नं -४ लाई ३४, वडा नं ५ लाई ५०, वडा नं ६ लाई ४० घर, वडा नं ७ लाई ६० घर र वडा नं १० लाई ७० घर निर्माणका लागि परेकोमा समयमा नै चुस्त ढंगले कार्यविधिले तोकेको प्रक्रिया अपनाइ सघन शहरी विकास तथा भवन आयोजना कार्यालय धनकुटा पठाउने साथै टिनको छाना आमचोक गाउँसभाको निति कार्यक्रम अनुरुप हुने गरि निलो रङको प्रयोग गर्ने गरि आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

१६. उपरोक्त प्रस्ताव न १५ माथि छलफल भै आमचोक गाउँपालिकाको चालु तर्फको खर्च तत्काल व्यवस्थापन गर्न ...ला सरकारवाट वित्तिय हस्तान्तरण (वित्तिय समानिकरण) रकमवाट रु १,५०,००,०००|०० एक करोड पचास लाख ...- सापटी लिएर पछि नेपाल सरकार वित्तिय हस्तान्तरण (राजस्व बाँडफाड) वाट प्राप्त हुने रकमवाट सापटी ...र्ता(शोध भर्ना) गर्ने गरि खर्च गर्ने निर्णय गरियो

प्रमाणित गरिएको
२०७८।६।८

आमचोक गाउँ कार्यपालिकाको कार्यालय वाल्खा, भोजपुर १ नं प्रदेश

प्रमुख प्रशासकीय अधिकृत